स्थानीय सरकार

# बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ९८५५०३०५६१

☎ ९८५५०७२०७२

पत्र संख्या : २०८०/०८१

चलानी नं. : १६८१

मिति : २०८१/०१/१४

विषय : **विषय विशेषज्ञ सूचीकृत सम्बन्धमा ।**

श्री सबै शिक्षकहरु

बागमती गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको "करार शिक्षक, विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, - २०७६" अनुसार यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने मावि, निमावि तथा प्रावि तहका सबै प्रकारका दरबन्दीका (अस्थायी, राहत तथा अनुदान कोटा) करारमा शिक्षक पदपूर्ति गर्ने प्रयोजनका लागि विषय विशेषज्ञको आवश्यक परेकोले सम्बन्धित तह र श्रेणीमा कम्तिमा ५वर्ष अनुभव प्राप्त गरेका कार्यरत तथा सेवा निवृत स्थायी शिक्षकहरुबाट तपसिल बमोजिमको आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र यस कार्यालयमा दरखास्त बुझाउनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. पद : विषय विशेषज्ञ

क) प्रा. शि.- सबै विषय ख) नि.मा. शि. - सम्बन्धित विषय ग) मा.शि. - सम्बन्धित विषय घ) मा.शि. द्वि. - सम्बन्धित विषय

२. शैक्षिक योग्यता :

क) सि.न. १(क) को लागि शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा प्राथमिक तृतीय श्रेणीमा ५वर्ष अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

ख) सि.नं. १(ख) को लागि शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा नि.मा.वि. तृतीय श्रेणीमा ५वर्ष अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

ग) सि.नं. १(ग) को लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा मा.वि. तृतीय श्रेणीमा ५ वर्ष अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

घ) सि.नं. १(घ) को लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा मा.वि. द्वि. श्रेणीमा ३ वर्षको अनुभव सहितको स्थायी कार्यरत वा सेवा निवृत शिक्षक ।

३. आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रमनापत्रको प्रतिलिपि ख) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु ग) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि घ) स्थायी नियुक्ति तथा बढुवा पत्रका प्रतिलिपिहरू

४. कुनै पनि उम्मेदवारले दरखास्त दिँदा आफ्नो शैक्षिक योग्यतामा उल्लेखित मुख्य विषय तथा नियुक्ति पत्रमा उल्लेखित विषय बाहेक अन्य विषयमा विषय विशेषज्ञको लागि आवेदन दिन पाउने छैन तर सामाजिक, स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको हकमा भने जुनसुकै विषयको सम्बन्धित तहको योग्यता वा अनुभव भएकाले दरखास्त दिन सक्नेछन् ।

५. शैक्षिक योग्यता र तालिमको हकमा माथिल्लो तह वा श्रेणीको अनुभवलाई तल्लो तहको योग्यता तालिम र कार्य अनुभवमा गणना गरिनेछ ।

६. मा.शि.द्वि.(उ.मा. अनुदान, प्राविधिक धारको मा.शि.द्वि.प्रशिक्षक, मा.शि.द्वि प्रशिक्षक, मा.शि.द्वि.शिक्षक र मा.शि.तृ.प्राविधिक विषयका शिक्षक) हरुको विषय विशेषज्ञ हुनको लागि स्थायी अध्यापन अनुमतिपत्र र स्थायी कार्यरत अनुभव आवश्यक पर्ने छैन ।

७. आवेदन फारमको लागि यस कार्यालयको website: www.bagmatimun.makawanpur.gov.np बाट डाउनलोड गर्न र बागमती गा.पा. शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ ।

(पुनश्च : विषय विशेषज्ञको रुपमा सूचीमा सूचीकृत हुनका लागि इच्छुक प्रत्येक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह तथा विषयको २/२ सेट उत्तरकुन्जिका सहितको प्रश्नपत्र (सामान्य र विषयगत परीक्षाको) निवेदनको साथ यस गाउँपालिकामा पेस गर्नु पर्नेछ । यदी तोकिए बमोजिमको कागजात पेस नगर्नेहरुलाई विषय विशेषज्ञको रुपमा सूचीमा सूचीकृत गर्न बाध्य नहुने जानकारी गरिन्छ ।)

(सार्थक घिमिरे)

अधिकृत सातौं

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा : (यस सूचना गाउँपालिकाको website मा upload गरिदिनुहुन) ।

श्री शिक्षा, युवा तथा खेलकुद शाखा, बागमती गाउँपालिका, मकवानपुर ।

बागमती गाउँपालिका
गाउँपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

मिति : २०८१/०१/......

श्रीमान् कार्यालय प्रमुख ज्यू
बागमती गाउँपालिका , गाउँपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर

विषय : विषय विशेषज्ञमा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तँहा गाउँपालिकाको मिति २०८१/०१/१४ गते प्रकाशित सूचना अनुसार देहाय बमोजिमका विषय विशेषज्ञ का रुपमा सूचीकृत हुन तपसिलका विवरण सहित यो निवेदन पेस गरेको छु ।

नाम, थर : ................................................ ............नागरिकता नं. : ......................................पान नं : ................
स्थायी ठेगाना : .......................जिल्ला : ..........................नपा/गापा : ..................वडा नं. : ........ टोल : .................. .
सम्पर्क नं: ................................ ...इमेल : ....................................................................................................
कार्यरत भए संस्थाको नाम र ठेगाना : ....................................................................................................................

क) विषय विशेषज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय

| क्र.सं. | विशेषज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय | विशेषज्ञ सूचीमा रहन चाहेको तह | विषयसंग सम्बन्धित सम्पादन गरेको कार्य र अनुभव | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

ख) शैक्षिक योग्यता ( विषय विशेषज्ञका लागि तोकीएको न्यूनतम शैक्षिक योग्यता र सो भन्दा माथिल्ला योग्यता भए सो समेत )

| क्र.सं. | उपाधि | अध्ययन गरेका विषयहरु | उतीर्ण बोर्ड | उतीर्ण वर्ष | उतीर्ण श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

ग) कार्य अनुभव (वर्ष )

| क्र.सं. | अस्थायी नियुक्ति मिति | स्थायी नियुक्ति मिति | बढुवा भएको मिति | तह | अध्यापन अनुमति नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

घ) तालिम

| क्र.सं. | तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

ङ) विषयसंग सम्बन्धित कुनै पुस्तक, सन्दर्भ सामग्री, लेख रचना लेखन, अनुसन्धान आदि कार्य गरेको भए

| क्र.सं. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

माथि उल्लिखित विवरण झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउंला ।

निवेदकको दस्तखत : ......................